# धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी २१ दिने सार्वजनिक सूचना

(प्रकाशित मिति २०८० साल माघ महिना २५ गते बिहीबार)

यस विकास बैंक लि.को शाखा कार्यालय न्युरोड काठमाडौंबाट उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शिर्षकमा लिएको कर्जाको सावाँ, व्याज र अन्य दै-दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने सावाँ ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले सम्पूर्ण कर्जा चुक्ता गर्न आउनु हुन भनी बैंकबाट विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरिएता पनि कर्जा चुक्ता भुक्तान गर्न तर्फ कुनै पहल नगरी आलटाल गरेकोले बैंकको कर्जा असुलीको लागि तपशिलमा उल्लेखित धितो (सम्पत्ति) जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र प्रक्रियाद्धारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने भएकोले धितो लिलाम बिक्री सम्बन्धी यो २१ (एक्काइस) दिने सूचना प्रकाशित गरिएको छ । उक्त मिति भित्र नतिरे नबुझाएमा प्रचलित कानुन अनुसार सूचना प्रकाशित भएको मितिले २२ औं दिन यस बैंकलाई लेखिदिएको धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित सम्पत्ति जहाँ जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने हुँदा इच्छुक महानुभावहरुले देहाय बमोजिमको शर्त तथा बन्देजहरुको अधिनमा रहने गरी यो सूचना प्रकाशित भएको मितिले २१ औ दिनको कार्यालय समय भित्र यस बैंकको शाखा कार्यालयहरुमा गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ ।

## तपशिल

### १. कर्जा शिर्षक : व्यक्तिगत आवधिक कर्जा

| ऋणीको विवरण | व्यक्तिगत धनजमानीकर्ताको विवरण |
|---|---|
| नाम : **संजिव नेपाल**<br>बाबुको नाम : नित्यानन्द नेपाल<br>बाजेको नाम : परमानन्द नेपाल<br>स्थायी ठेगाना : मोरङ जिल्ला विराटनगर वडा नं. २<br>हालको ठेगाना : काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १०<br>ना.प्र.नं. : २१२१२<br>जारी मिति र जिल्ला : २०५२/०५/१८, मोरङ | नाम : **एकता घिमिरे**<br>बाबुको नाम : नवराज प्रसाद उपाध्याय घिमिरे<br>पतिको नाम : संजिव नेपाल<br>ससुराको नाम : नित्यानन्द नेपाल<br>स्थायी ठेगाना : बारा जिल्ला कलैया वडा नं. ७<br>हालको ठेगाना : काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १०<br>ना.प्र.नं. : ३३८१/३४१४<br>जारी मिति र जिल्ला : २०५८/०५/२७, बारा |

### २. कर्जा शिर्षक : व्यवसायिक अधिविकर्ष कर्जा

**ऋणीको विवरण**

नाम : **नित्यासिता इन्टरप्राइजेज**
प्रोप्राइटरको नाम : संजिव नेपाल
दर्ता नं. : १४६५८४/०७५/०७६
दर्ता मिति : २०७५/११/२३
स्थायी लेखा नं. : ६०३९५१६२६
दर्ता गर्ने कार्यालय : वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग
रजिष्टर्ड ठेगाना : काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १०

**व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण**

| | |
|---|---|
| १. नाम : **संजिव नेपाल**<br>बाबुको नाम : नित्यानन्द नेपाल<br>बाजेको नाम : परमानन्द नेपाल<br>स्थायी ठेगाना : मोरङ जिल्ला विराटनगर वडा नं. २<br>हालको ठेगाना : काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १०<br>ना.प्र.नं. : २१२१२<br>जारी मिति र जिल्ला : २०५२/०५/१८, मोरङ | २. नाम : **एकता घिमिरे**<br>बाबुको नाम : नवराज प्रसाद उपाध्याय घिमिरे<br>पतिको नाम : संजिव नेपाल<br>ससुराको नाम : नित्यानन्द नेपाल<br>स्थायी ठेगाना : बारा जिल्ला कलैया वडा नं. ७<br>हालको ठेगाना : काठमाडौं जिल्ला बुढानिलकण्ठ न.पा. वडा नं. १०<br>ना.प्र.नं. : ३३८१/३४१४<br>जारी मिति र जिल्ला : २०५८/०५/२७, बारा |

**यसअघि प्रकाशित गरिएको सूचनाको विवरण :**
मिति २०८०/०८/१२ को सौर्य दैनिक राष्ट्रिय पत्रिकामा कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धि ३५ दिने सार्वजानिक सूचना प्रकाशित गरिएको ।

**धितो सुरक्षण सम्बन्धी विवरण :** निम्न उल्लेखित घरजग्गा/जग्गा र सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

| धितोधनीको नाम | धितोको ठेगाना | कि.नं. | क्षेत्रफल (व.मि.) | पूर्व | पश्चिम | उत्तर | दक्षिण |
|---|---|---|---|---|---|---|---|
| एकता घिमिरे | मकवानपुर जिल्ला हेटौंडा न.पा. वडा नं. ९ | ४४५० | ५२४.८९ | कि.नं. ७८०२ र ७८०३ | खोल्सो | कि.नं. ९४३९ र ९४४० | कि.नं. १०१४१ |
| | | ७३४४ | ३४७.११ | खोल्सो | बाटो | कि.नं. ७३४२ | कि.नं. ४०१९ |

**शर्त बन्देजहरु :**

१) शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले २१ दिन अर्थात मिति २०८०/११/१६ गते बुधबार भित्र यस बैंकको शाखा कार्यालय न्युरोड काठमाडौं आईपुग्ने गरि पेश गर्नुपर्ने छ ।
२) बोलपत्र फारममा आफुले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्ने छ ।
३) माथि उल्लेखित सम्पूर्ण धितो सुरक्षणहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणका लागि बेग्ला बेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४) प्राप्त बोलपत्रहरु मिति २०८०/११/१७ गते बिहीबार अर्थात २२ औ दिन दिउसो १:०० बजे यस बैंकको शाखा कार्यालय न्युरोड काठमाडौंमा उपस्थित प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधिको रोहवरमा खोलिनेछ । बोलपत्र खोल्ने समयमा बोलाईएका सबै प्रतिनिधि, बोलपत्रकर्ता वा निजको प्रतिनिधि उपस्थित नरहे पनि सो कारणले बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।
५) बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा सोही स्थान र समयमा लिलाम कार्य हुनेछ ।
६) धरौटी रकम तथा अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुने व्यहोरा समेत सूचित गरिन्छ ।
७) बोलपत्र स्वीकृत भएमा धितो सुरक्षण सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, लाभ कर, कर तथा अन्य शुल्क ईत्यादि बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

**मुक्तिनाथ विकास बैंक लि.**
**MUKTINATH BIKAS BANK LTD.**

**Central Office:** Hattisar, Kathmandu, Tel.: 01-4546136, 4537324
Toll Free No.: 16600149999, E-mail: info@muktinathbank.com.np
Web: www.muktinathbank.com.np

Member of Global Alliance for Banking on Values

Winner of EUROPEAN MICROFINANCE AWARD 2020

जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ